# वार्षिक बजेट, नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०७९/८०

## कालिञ्चोक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय,
## बागमती प्रदेश
## सुनखानी, दोलखा

**श्री गाउँपालिकाका अध्यक्ष ज्यू,**

**श्री गाउँसभाका सदस्य ज्यूहरु,**

**श्री राष्ट्रसेवक कर्मचारीहरु ।**

१. नेपालको राष्ट्रिय हित, आर्थिक, सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रहँदै समुन्नत संघिय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण विभेद रहित समानतामूलक सबल र समृद्ध नेपालको निर्माण गर्ने, उदेश्यका साथ कालिञ्चोक गाउँपालिकाको आर्थिक बर्ष २०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस घडिमा नेपाली जनताले मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधिनता, स्वाभिमान, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि पटक पटक गरेका राष्ट्रहित, ऐतिहासिक १० वर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, लगायत, सशस्त्र संघर्ष त्याग र वलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहिद प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२. नेपालको संविधान, संघ एवमं प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका सरकारको न्याय, दिगो विकासको लक्ष्य जस्ता विषयहरुमा सरकारको न्युनतम साझा कार्यक्रम गठबन्धनका तथा राजनितिक दलहरुका घोषणा पत्र, संघिय तथा प्रदेश सरकारको निति तथा कार्यक्रम, राजनितिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा कालिन्चोक गाउँपालिकाले यो निति तथा कार्यक्रम तर्जुमा गरेका छौँ ।

३. यो निति तथा कार्यक्रमको कार्यान्वयन गर्दा गुणस्तरीय जनशक्तिको उत्पादन र रोजगारी,दिगो पूर्वाधार निर्माण, दिगो विकास, उत्पादन र उत्पादकत्वमा वृद्धि, प्रर्यावरणीय संरक्षण र सार्वजनिक सेवामा नागरिकहरुको सहज पहुँचलाई प्राथमिकता दिईने छ ।

**अध्यक्षज्यू,**

४. आत्मनिर्भर कृषि भन्ने सोचलाई साकार बनाउन किसानको समृद्ध पालिका बनाउन र आवश्यकता र चाहानालाई आत्मसाथ गर्दै भुगोल र वातावरण सुहाउँदो कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ, कृषि क्षेत्रलाई विशिष्टीकरण, आधुनिकिकरण, औद्योगिकीकरण, यान्त्रिकरण र व्यवसायीकरण मार्फत रूपान्तरण गरिनेछ ।

५. पालिकालाई अण्डा, माछामासु आलु-, प्याज, लसुन र अदुवा लगायतका वस्तुहरूमा आत्मनिर्भर बनाउनउत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। आधुनिक र स्वचालित प्रविधिबाट कृषि तथा पशुपन्छी पालन गर्ने किसान, व्यवसायी र सहकारीलाई प्रोत्साहन र बजारीकरणका लागि सहजीकरण गरिनेछ ।

६. आगामी पाँच वर्ष भित्रमा कोही पनि भोकै नपर्ने बातावरण सृजना गर्न खाद्य उपलब्धताको सुनिश्चितता गरिनेछ ।

७. कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदान कार्यलाइ व्यवस्थित बनाउन युवा स्वरोजगार कोषको साझेदारीमा घुम्ती कोष स्थापना गरी समूह, सहकारी र निजी क्षेत्रलाई बीउ पूँजी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८. पालिकामा उत्पादिन विभिन्न तरकारी र फलफूल जन्य वस्तुहरूको गुणस्तर कायम गर्दै प्रशोधन, ब्राण्डिङ्ग र वितरण गर्ने निजी क्षेत्रसगँको सहकार्यमा फलफुल प्रशोधन केन्द्रको स्थापना गरिनेछ।

९. किवि फलको व्यावसायिक उत्पादन र भण्डारणलाई टेवा पुर्याउन साझेदारीमा शीतभण्डार स्थापना गरिने छ।

१०. (**रोग हटाउन उत्पादन बढाऔ** भन्ने परिकल्पनाका साथ पशुमा लाग्ने खोरेत, पिपिआर र रेबीज रोग उन्मुलन गर्न निशुल्क खोप अभियान कार्यक्रम सञ्चालन गरिनेछ। मत्स्य र कृषि क्षेत्रमा विभिन्न रोगहरूको कारणबाट हने क्षेतिलाई न्युनीकरण गरिने छ।

११. पशुस्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न वडा सँगको समन्वयमा स्वास्थ्य क्लिनिकल कार्यक्रम सञ्चालनमा ल्याई सेवा प्रवाह गरिनेछ।

१२. माथिल्लो भेगमा बसोबास गने किसानहरूको जीविकोपार्जनको प्रमुख स्रोतको रूपमा रहेको चौँरीपालन तथा अन्य भागमा पशुपालन प्रवर्द्धन गर्न पशु चिकित्सक सेवा सहितको नशल सुधार, आहार व्यवस्थापन, खर्का सुधार, तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरि अनुगमन कार्यलाइ प्रभावकारी बनाइने छ।

१३. कृषकहरूको वर्गीकरण गरी कृषक परिचय पत्र वितरण गरिनेछ। सो को आधारमा कृषकहरूलाई विषेश सहुलियत प्रदान गरिनेछ।

१४. दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न यस गाउँपालिका दुग्ध चिस्यान केन्द्रको स्थापना तथा संचालन गर्ने नीति लिइनेछ। साथै किसानलाइ दुधको उचित मुल्य पाउनको लागि यस वर्ष गाउँपालिकामा दुग्ध प्रशोधन केन्द्रको स्थापना गरिनेछ।

१५. व्यवसायी कृषि उत्पादनको लागि सम्भायता अध्ययन गरी आलु तथा तरकारी आदिको पकेट क्षेत्रको रुपमा विकास र विस्तार गरिनेछ

१६. फलफुल खेति किवि सुन्तला केरा पशुपालन बाख्रा तथा चौरीको लागि पकेट क्षेत्र विस्तार कार्यक्रम संचालन गरिनेछ। गाउँपालिका भित्रका पशु स्वास्थ्य औषधोपचारलाई निशुल्क उपल्ब्ध गराइने छ।

१७. प्रत्येक वडामा कम्तिमा एउटा कृषि उपज संकलन केन्द्र तथा कम्तिमा पालिकाभित्र एक नर्सरी स्थापना गरिने भएको छ।

१८. कालिन्चोक गाउँपालिकाको तल्लो क्षेत्रमा आँप, केरा, रुख कटहर, भुईकटहर, हलुवावेद, मेवा र मध्यम क्षेत्रमा सुन्तला,कागती लगायत अमिलो जन्य फलफुल र उच्च क्षेत्रमा किवि जस्ता फलफुल र जडिबुटी खेतिलाइ व्यापक

रुपमा लगाउन किसानलाइ प्रोत्साहन गरिनेछ। चिया, कफी, अलैंची, जुनार, सुन्तला, आलु, एभोकाडो, पिकानट, टिमुर, केरा तथा कागतीको उन्नत बीउ र विरुवामा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनेछ।

१९. कृषकहरुका कृषि उत्पादनलाइ उत्पादन स्थलबाटै खरिद गरि लिने संयन्त्र व्यवस्था गरि कृषकले उत्पादन गरेका कृषि उपज तथा पशुपन्छी बजारसम्म पुर्याउन किसान भ्यानको आवश्यक व्यवस्था गरिनेछ।

२०. कृषि विज्ञहरु मार्फत माटो ,हावापानी आदीको परिक्षण गराई तत्त क्षेत्रमा लाग्ने बालीको सिफारिस गरि अन्न तथा नगदेवालीका उत्पादनको क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। रैथाने जातको विउ विजन तथा स्थानिय जातको पशु उत्पादनको लागि विशेष अनुदानको व्यवस्था गरिनेछ।

२१. गाउँपालिकाले अगुवा कृषकहरुको लागि कम्तीमा बर्षमा एकपटक कृषक भ्रमण गराउने व्यवस्था मिलाईनेछ।

२२. कृषकहरुको उत्पादनको संरक्षण गर्न बाँदर विज्ञहरुको परामर्शमा एक घर एक बाँदर पाल्ने कार्यक्रमलाइ प्रोत्साहनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२३. गाउँ पालिकाले कृषि बाली एवम् पशुधन विमा कार्यलाई व्यापक रुपमा प्रोत्साहन गरिने छ।

२४. डेरीमा दुध विक्रीगर्ने किसानलाइ प्रतिलिटर दुधमा तीन रुपैया अनुदानको व्यवस्था गरिनेछ।

२५. व्यावसायिक किसानकालाइ सहकारी मार्फत स्वरोजगार कोषको साझेदारीमा सहुलियत ब्याजदरमा सुलभ कर्जा उपलब्ध गराइनेछ ।

२६. व्यवसायिक पशुपालन तथा कृषि फार्म समुह सहकारीलाई लागत साझेदारीका आधारमा विशेष अनुदानको व्यवस्था गरिनेछ।

२७. प्रत्येक टोल टोलमा टोल सुधार समिति गठन गरी विकास निर्माण कार्य अघि बढाइने नीति लिइनेछ।

२८. कृषि पेशालाई व्यवसायीकरण गराई गरिवी निवारण निर्मूल पार्न गैरसरकारी संघ संस्थाको साझेदारीमा योगदानमा आधारित कृषि विउ वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२९. गाउँपालिका विभिन्न क्षेत्रमा कृषि तथा पशु शिविर संचालन गरिनेछ।

३०. गाउँपालिका भित्रका उत्कृष्ठ किसानलाई उचित पुरस्कारको व्यवस्था गरिने छ।

३१. कालोबजारी नियन्त्रण गर्न व्यवसायी र टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिइनेछ।

३२. स्थानीय स्रोत साधन कच्चा पदार्थको उपयोगको लागि साना तथा मझौला उद्योग खोल्ने कार्यलाई प्रश्रय दिई गाउँपालिकाको तर्फबाट अनुदानको व्यवस्था गरिनेछ।

३३. गाउपालिका भित्र उत्पादन भएका खुर्पानी, किवि लगायत फलफुलको जुस वाइन प्रशोधन तथा स्थानीय पेय पदार्थलाई व्यवस्थित उत्पादन ब्राण्डिङ र बजारीकरण गर्न मद्धत गरिनेछ।

३४. पालिका भित्रका सहकारी संघ संस्थाहरूलाई समेत परिचालन गरी स्थानिय सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरूसँग सहकार्य गर्दै त्यस्ता संस्थाहरूको नियमित र सघन अनगुमनगरी सुशासन सहकारी निर्माणको अभियान सञ्चालन गरिनेछ।

३५. पालिका क्षेत्रधिकारमा रहेका कृषि सहकारीको नियमन तथा अनगुमन क्षमता अभिबृद्धि गरिनेछ। कृषि सहकारी संघसंस्थाहरू समेतको लागत साझेदारीमा सहकारी सञ्चालक, कर्मचारी तथा सदस्यहरूको क्षमता अभिबृद्धि गरिनेछ।

३६. पहिचान भएका गरिब तथा विपन्न घर परिवार लक्षित गरी व्यवसायिक सीप अभिबृद्धि गर्ने तालिम कार्यक्रमहरू वित्तीय पहुँचमा सहजीकरण मार्फत स्वरोजगार र रोजगारीको अवसर सजृना गर्ने नीति लिइने छ।

३७. सहकारी व्यवस्थापन सूचना प्रणाली मार्फत सहकारी क्षेत्रको तथ्याङ्क सङ्कलन र अद्यावधिक गरी व्यव्स्थित गरिनेछ।

३८. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपमा आधारित लघ,घरेलु तथा साना उद्योगहरूलाई प्रोत्साहन गरिनेछ। पालिका भित्रका साना तथा मझ्यौला उद्यमीहरूको प्रशासकीय क्षमता अभिबृद्धि गर्ने कार्यक्रम निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरिनेछ।

३९. गाउँपालिका क्षेत्रभित्र क्रियाशील गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैरसरकारी संस्था परिचालन नीति सहित परिचालन गरिनेछ।

४०. व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम सञ्चालन गर्नुका साथै राजस्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरुबाटै व्यवस्थित कर, शुल्क तथा दस्तुर असुल गर्ने व्यवस्था गरिनेछ।

४१. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गामा गाउँपालिकाले वा व्यक्ति स्वयंले गाउँपालिकाको स्वीकृत लिई अस्थाई संरचना बनाई उपभोग गर्न दिइएको खण्डमा वहाल विटौरी कर असुल गरिनेछ। यसरी अस्थाइ संरचना बनाई उपभोग गर्दा गाउँपालिकाले आवश्यक परेको खण्डमा सम्झौता भंग गरी उक्त जग्गा खाली गर्न बाधा परेको मानिने छैन।

४२. एकीकृत सम्पत्ती कर, व्यवसाय कर, घर बहाल कर, बहाल विटौरी कर, मनोरञ्जन कर आदिलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधी, निर्देशिका बनाई व्यवस्थित गरिनेछ।

४३. गाउँपालिकास्तरीय सडकलाई कालो पत्रे ढलान तथा स्तरोन्नती गरी बाह्रै महिना सडक संचालन गरिने नीति अवलम्बन गरिनेछ।

४४. गाउँपालिकाका हरेक वडा र प्रमुख स्थान जोड्न हाल भएकै चरिकोट – सिङ्गटी र सुनखानी – साङ्वा सडकको गाउँपालिकाको सिमाना सम्मको सडकलाई व्यस्थित गरी त्यही सडकलाई कालिञ्चोक मन्दिर सम्म जोड्ने र गाउँपालिका स्तरीय चक्रपथ निर्माण गरिनेछ। यसका लागि यो सडक क्षेत्र भरी पर्यटन पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम बनाईनेछ।

४५. हरेक धर्म संस्कार र जातजातीको परम्परागत घाटहरुको व्यवस्थापन गरी सुविधायुक्त बनाईनेछ।

४६. भौतिक निर्माणको ठेक्का कार्यान्वयनको क्रममा निर्माण कार्यतालिकाको पालना गराइनेछ र सोको आधारमा भौतिक प्रगतिको अनुगमन गरिनेछ। भौतिक संरचना गुणस्तर परीक्षण गर्न ल्यावको स्थापना गरिनेछ।

४७. **खाद्य सुरक्षाका लागि उत्पादन, उत्पादनका लागि सिंचाई"**भन्ने नारालाइ साकार पार्न निर्माणाधीन सिंचाइ आयोजनाहरू सम्पन्न गरिने र सम्भाव्यताको आधारमा नयाँ आयोजनाहरूलाई अगाडी बढाइनेछ।

४८. विगतमा निर्माण गरिएका विभिन्न भौतिक पुर्वाधार तथा आयोजनाको अनुगमन गरी त्यस्को प्रभावकारिताको बारेमा प्रतिवेदन तयार गरी आवश्यक कार्वाही अगाडि बढाइनेछ।

४९. वडासँगको सहकार्यमा परम्परागत , ताल तलैया र पोखरीसंरक्षण तथा पुनस्थापना गरी सिंचाइ सेवा उपलब्ध गराइनेछ।

५०. कालिञ्चोक गाउँपालिकालाई उत्पादनमा जोड दिने र युवा स्वरोजगारको अभिवृद्धि गर्ने उद्देश्य अनुरुप सिँचाइलाई सहज पहुँच विस्तार गरिनेछ।

५१. प्रत्येक घरमा शुद्ध पिउने पानीको व्यवस्था गरि पँधेरो, कुवा, ढुङ्गेधारा आदिको संरक्षण गरिनेछ।

५२. गाउँपालिका भित्र केहि भागमा रिचार्ज पोखरीको निर्माण गरिनेछ। पानीको प्राकृतिक स्रोत नभएका पालिकाका बेसि सुख्खाग्रस्त टारहरूमा नजिकैको नदीबाट लिफ्टिङ गरी सिंचाई तथा पिउने पानीको व्यवस्था गरिनेछ।

५३. यस अघि जिर्ण रहेका सिंचाई कुलोहरुको मर्मत सम्भार गरिने छ। सम्भाव्यता र आवश्कताका आधारमा नयाँ सिंचाई कुलोहरु निर्माण गरिनेछ।

५४. सम्भाव्यता र आवश्यकता हेरी थोपा सिंचाई योजना निर्माण गरिनेछ।

५५. गाउँपालिका भित्र निर्माणहुन बाँकी रहेका वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण गरिनेछ।

५६. गाउँपालिकालाई उज्यालो कार्यक्रम अन्तरगत ग्रामिण विद्युतीकरण सोलार लघु लविद्युत बैकल्पिक ऊर्जाको प्रयोग मार्फत ऊर्जाको पहँचु पुर्याउने नीति लिइनेछ। बैकल्पिक उर्जा कार्यक्रमलाई पालिकामा प्रोत्साहन गरिनेछ।

५७. सार्वजनिक निजी  क्षेत्र सँग सहकार्य गरी सौर्य सडक बत्ती जडान तथा सञ्चालनमा जनसहभागितालाई प्रोत्साहित गरिनेछ, साथै वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ।

५८. जलविद्युतको खपत बढाउन र एलपी ग्याँसको खपत घटाउन संघिय तथा प्रदेश सरकारसँग समन्वय गरी विद्युतीय चुलो इन्डक्सनमा अनुदान दिइने व्यवस्था मिलाइनेछ।

५९. सौर्य उर्जा, बायोग्याँस लगायतका बैकल्पिक उर्जाको लागि प्रोत्साहन गरिने छ।

६०. गाउँपालिकाभित्रका लघु जलविद्युतलाई दर्ता/अनुमति दिई व्यवस्थित गरी करको दायरामा ल्याई रोजगारी आर्थिक वृद्धि गरिनेछ।

६१. ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा डि.पि.आर.गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ। अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ।

६२. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ।

६३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ साथै स–साना मर्मत संभारको लागि वडा स्तरको बजेट कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लिइनेछ।

६४. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ। सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा वडा स्तरीय श्रोतसाधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ।

६५. खरिद गरि वितरण गरिने प्रकृतिका आयोजना संचालन गर्दा अनिवार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ, साथै यस्ता प्रकृतिका योजना संचालन उपभोक्ता समिति मार्फत गरिने छैन।

६६. यस आर्थिक वर्ष २०७२ सालको भूकम्प पीडित लाभग्राहीहरुको सरोकारवाला निकायसँग समन्वय गरी सम्पन्न हुन नसकेका पुनर्निर्माण कार्यक्रमलाई अगाडी बढाइनेछ।

६७. प्रताप स्मृति कलेज र कालिनाग बहुमुखी क्याम्पसमा विद्यार्थीको आवयकता र चाहना अनुसार विषयहरुको थप गरी गाउँपालिकाको उच्च शिक्षा अध्ययन गर्ने प्रमुख थलो बनाएर उच्च शिक्षा अध्ययन गर्न सदरमुकाम र राजधानी जानु पर्ने बाध्यताको अन्त्य गरिने छ।

६८. पालिकाको लापिलाङमा हाल संचालन भै रहेका प्राविधिक विषयहरुको पठपाठन लाइ व्यवस्थित गर्दै गाउँ पालिकाको लगानी सार्वजनिक निजि साझेदारीमा मोडलमा एउटा बहुउद्देश्यीय प्राविधिक शिक्षालय संचालन गर्न पहल गरिने छ। त्यस्तो शिक्षा लयमा तोकिएको कोटामा गाउँ पालिकाको सिफारिसमा निशुल्क अध्ययनको व्यवस्था मिलाइने छ।

६९. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना दर शत प्रतिशत पुर्याइने छ।

७०. सामुदायिक विद्यालयलाइ अब्बल नबनाए सम्म शिक्षामा भएको असमानता हट्दैन भन्ने मान्यतालाइ मुल मन्त्र बनाएर सामुदायिक विद्यालयको गुणस्तर बढाउन विशेष कार्यक्रम चलाइने छ।

७१. कम्प्युटर साइन्स लगायतको ल्याबको स्थापना गर्दै सबै सामुदायिक विद्यालयका कक्षा कोठा र पठनपाठन लाइ डिजिटलाइजेसन गराइने छ।

७२. गाउँपालिका क्षेत्रभित्रका सवै विद्यालय, समुदाय, वडा र गाउँपालिकास्तरमा बालक्लव र बालसंजाल गठन पुनर्गठनलाई नियमितगरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

७३. विद्यार्थी संख्या कम हुने सामुदायिक विद्यालयलाई भूगोल र विद्यार्थी संख्याको आधारमा मर्ज गरिने नीति लिइने छ साथै विद्यार्थी शिक्षक अनुपातका आधारमा गाउँपालिकाले शिक्षक अनुदान कोटा बाल कक्षा नभएका विद्यालयमा विद्याथी संख्या हेरी थप बाल कक्षाको व्यवस्था गरिनेछ।

७४. शिक्षकको प्रधानाध्यापकसँग र प्रधानाध्यापकको गाउँपालिकासँग कार्यसम्पादन करार सम्झैता गरिनेछ।

७५. गाउँपालिकाभित्रका प्रत्येक विद्यालय वडा कार्यालय स्वास्थ्य चौकीमा इन्टरनेट सेवाको विस्तार गरिनेछ।

७६. स्थानीय पाठयक्रम निमार्ण गरी हाललाइ कक्षा १-३ सम्म स्थानीय पाठयक्रम अनुसार पठन पाठनको व्यवस्था मिलाइने छ।गाउँपालिकाका वडा नम्वर २,३.४ मा रहेका विद्यालयहरुमा संस्कृत तथा नैतिक शिक्षाको पठन पाठन गराउने व्यवस्था मिलाइने छ।

७७. प्राविधिक तथा व्यवसाय शिक्षालाई जोड दिदै प्रोत्साहन स्वरुप स्नातक प्राविधिक अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राविधिक स्नातक छात्रबृत्तिको व्यवस्था गरिनेछ।

७८. गाउँपालिकाका आधारभुत तथा माध्यमिक विद्यालयमा स्काउट साथै योग साधनालाई व्यवस्थित गरिनेछ।

७९. शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुका लागि विभिन्न परिवर्तित पाठयक्रम प्रबोधिकरण र कम्प्युटर तथा सुचना प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिनेछ।

८०. गाउँपालिका भित्र धैरै जनसंख्या थामी जातीको भएकोले स्थानीय भाषा अन्तरगर्त थामी भाषाको पाठयक्रम निर्माण गरी पठन पाठन संचालन गरिने छ।

८१. गाउँपालिकाभित्रका विद्यालयका विच कक्षा ३ र कक्षा ५ को स्तर मापन परीक्षा  गाउँपालिकास्तरीय अन्तर विद्यालय विभिन्न शैक्षिक प्रतियोगिता सञ्चालन गरिनेछ

८२. सहकारी शिक्षालाई गाउँपालिकाले निर्माण गर्ने स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ

८३. मनोसामाजिक परामर्शको रुपमा सहजकर्ताको व्यवस्था साथै छात्राहरूलाई सेनिटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ।

८४. अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री वितरण कायक्रम संचालन गरिने छ।

८५. बालविकास शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगिलाइ प्रोत्साहन स्वरुप आवश्यक रकम थप गरी न्युनतम मासिक तलव रु १५००० बनाइनेछ।

८६. गाउँपालिका भित्र कम्प्युटर नभएका विद्यालयमा कम्प्युटरको व्यवस्था गरिनेछ।

८७. विद्यार्थी केन्द्रित विद्यालय व्यवस्थापन सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयलाइ प्रोत्साहन गरिने छ। उच्च र न्युन सिकाई उपलब्धी भएका विद्यालय बिच शैक्षिक उपलब्धी र व्यवस्थापकिय क्षमता बृद्धिका लागि अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिने छ। शैक्षिक उपलब्धी सुचकको आधारमा शिक्षण संस्थाहरुलाई प्रोत्साहन गरिने छ।

८८. कालिन्चोक गाउँ पालिकाको इच्छा समृद्धिको लागि प्राविधिक शिक्षा भन्ने नारा साथ प्राविधिक शिक्षा संचालन भैरहेका सामुदायिक विद्यालयलाइ प्रोत्साहन गरिने छ।

८९. बालबालिकाको संवाहक विकास गर्ने थलोको रुपमा रहेको बालविकास केन्द्रलाइ वडाको सहकार्यमा नमुना केन्द्रको रुपमा स्तरउन्नति गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

९०. विद्यालयमा रहेको पूर्वप्राथमिक शिक्षाको सिकाइलाइ प्रभावकारी बनाउन वडाको सहकार्यमा भौतिक संरचना सुधार तथा आधुनिक पाठ्य सामाग्री तयार गरी वडामा कम्तिमा एउटा विद्यालयमा नमुना बाल विकास केन्द्र संचालन गरिने छ।

९१. सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धिका लागि सुचना प्रविधि प्रयोग शाला  विज्ञान तथा विषयगत प्रयोगशालाहरु स्थापना गर्ने कार्यक्रमलाइ निरन्तरता दिँदै थप विद्यालयहरुमा विस्तार गरिने छ।

९२. अपाङ्गता भएका बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुद्दच बृद्धि गर्न विद्यालयहरुलाइ अपाङ्ग मैत्रि विद्यालयका रुपमा विकास गरिने छ। अपाङ्गता भएका व्यक्तिका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नुका साथै साहेता सामाग्री वितरण गरिने छ। यस गाउँपालिकाबाट निर्माण हुने संरचनालाइ अपाङ्ग मैत्री बनाइने छ।

९३. बालमैत्री स्थानिय गाउँपालिका घोषणा भैसकेको र त्यसको प्रभावकारी कार्यन्वयनका लागि प्रत्येक वडामा अनुगमनलाई प्रभावकारी बनाईने छ। आमा र बुबा दुबै नभएका बालबालिकाहरुलाई उपलब्ध गराइदै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ।

९४. गाउँपालिका  खेलकुद विकास र विस्तारका लागि गाउँपालिका  खेलकुद समिति र वडा तहसँगको सहकार्य र साझेदारीमा गाउँपालिका स्तरीय आवश्यक पुर्वाधार निर्माण गरिनेछ।

९५. प्रत्येक वडामा खेल मैदान निर्माण र स्तरोन्नति गरिनेछ  हरेक माध्मामिक विद्यालयका शिक्षकहरू मध्येबाट एक जनालाई प्रशिक्षण प्रदान गरी खेलकुद जनशक्ति तोक्ने व्यवस्था मिलाइने छ।

९६. गाउँपालिकामा अध्यक्ष तथा उपाध्यक्ष कप प्रतियोगिता वर्षको कम्तिमा एकपटक गर्ने र वडास्तर, पालिका स्तर र जिल्लास्तरमा खेलकुद  प्रतियोगिता आयोजना गरिनेछ।

९७. विभिन्न खेलकुदका उत्कृष्ट खेलाडीहरुलाई निशुल्क प्रशिक्षणको व्यबस्था मिलाईनेछ।

९८. पालिकामा साहसिक खेलको सम्भाव्यता अध्ययन गरि आइस स्की, जिपलाइन, प्याराग्लाइडिङ, र्याफ्टिङ लगायतको विकासको पहल गरिनेछ।

९९. अन्तर पालिका साझेदारीमा १५ शैय्याको सिंगटी सिंगटी अस्पताललाइ २५ शैय्या सहितको अत्याधुनिक सेवा सुविधा सम्पन अस्पतालका रुपमा विकास गरिनेछ। उपाचारका लागि चरिकोट र राजधानी जानु पर्ने बाध्यतालाइ अन्त्य गरिनेछ।

१००. लापिलाङ स्थित आयुर्वेद औषधालयलाइ थप सेवा विस्तार गर्दै सुविधा सम्पन बनाइने छ।

१०१. ७५ बर्ष माथिका नागरिकको निशुल्क स्वास्थ्य विमा गरिने छ। हरेक गाउँपालिका वासीलाइ स्वास्थ्य विमाको पहुच भित्र लैजान विशेष कार्यक्रम ल्याइने छ।

१०२. गाउँपालिकाका ७० वर्ष माथिका जेष्ठ नागरिक, सुत्केरी, क वर्गका अपाङका लागि निशुल्क एम्बुलेन्स सेवामा उपल्ध गराइने छ।

१०३. हरेक वडा गाउँको स्वास्थ्य चौकीलाइ गुणस्तरिय सुविधा सहितको बनाइने छ।

१०४. महिला स्वास्थ्य स्वयम सेविकाको सुविधा क्षमता बढाएर गाउँपालिका बासीको घरै सम्म स्वास्थ्य सुविधा पुर्याईने छ।

१०५. विद्यालयहरुमा बालबालिकाहरुको निशुल्क स्वास्थ्य परिक्षण गराइने छ।

१०६. प्रत्येक वडामा समय मिलाएर विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचालन गरिने छ।

१०७. जेष्ठ नागरिक, अपाङ्गता भएका (क वर्ग), असहाय तथा गर्भवती महिलाहरुको स्वास्थ्य परिक्षण महिनाको एक पटक घर घर मै गएर जाँच गर्ने व्यवस्था मिलाइने छ।

१०८. स्वास्थ्य संस्थालाई निशुल्क औषधीको व्यवस्था गरिनेछ।

१०९. प्रत्येक वडामा चौविस घण्टे प्रसुति सेवा सञ्चालन गर्न आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ।

११०. अन्तर पालिका साझेदारीमा सिंगटी अस्पताल, प्रताप स्मृति कलेज, संस्कृत ग्राम, बारुणयन्त्र, शव वाहन व्यवस्थापन गर्न सरोकारवाला निकायसँग समन्वयको लागि पहल गरिनेछ ।

१११. प्रत्येक व्यक्तिलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइको पहुचँ पुर्याउन एक घर एकधारा पुर्ण सरसफाइ हाम्रो अभिभारा अभियानलाइ लगाडि बढाइनेछ। पालिका र समुदायको सहलगानीमा खानेपानी आयोजना एवम महत्वपुर्ण सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइनेछ।

११२. पालिका भित्र सस्भाव्यताको आधारमा खानेपानीमा स्रो संरक्षण भुमिगत जल व्यवस्थापन तथा पुनभरण कार्यक्रम सञ्चालन गरिने छ। सुख्खाग्रस्त क्षेत्र लक्षित गरी खानेपानी आपूर्ति सम्बन्द्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११३. निजी क्षेत्रको साझेदारीमा नमुना पर्यटकीय गन्तव्य स्थलहरूको पहिचान गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ। नवीन पर्यटकीय गन्तव्यहरूको गुरुयोजना तयार गरी पर्यटकीय पूर्वाधारहरूको निर्माणमा जोड दिइनेछ।

११४. पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म पर्याउन होमस्टेलाई एक प्रमखु माध्यमको रूपमा विकास गरिनेछ । यसका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

११५. पुरातात्त्विक एवम मौलिक, जातीय, धार्मिक , सांस्कृतिक लगायतका सम्पदाहरू, गुठिहरु र जातीय संस्थाहरूको संरक्षण, सम्वर्द्धन र अभिलेखीकरण गरिनेछ। परम्परागत, मौलिक कला र लोक संगीत,नृत्य, नाट्य, सामाजिक, प्रदर्शनकारी लोककलाहरूको अभिलेखीकरण, संरक्षण, अनुसन्धान र विकास गर्ने नीति लिइनेछ।

११६. पालिका भित्रका लोपोन्मुख तथा सिमान्तकृत जाति, समदायको भाषा, साहित्य लोकोक्तिलाई लिपिपबद्ध, अभिलेखीकरण, अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन एवम् विकासका लागि संघ संस्थाहरू सँग समन्वय र सहकार्य गरी प्रवर्द्धन गर्ने नीति लिइनेछ।

११७. कालिन्चोक मन्दिर क्षेत्रको पर्यटन विकासका निम्ति संघिय  र प्रदेश सरकार संग बिशेष पहल गरेर बृहत्तर कालिन्चोक क्षेत्र बिकास समिति गठन गर्दै संघिय र प्रदेश सरकार समेतको लगानीमा कालिन्चोक पर्यटन विकास कार्यक्रम लागु गर्न पहल गरिनेछ। यो क्षेत्रको संरक्षणमा विशेष जोड दिईनेछ।

११८. गाउँपालिका भरि छरिएर रहेका विभिन्न जातजाती,भाषा, धर्म,समुदाय लगायतको परम्परागत संस्कृति चाडपर्व,भेषभुषा,भाषा,पञ्चेबाजा,बालन,सेलो आदि जर्गेर्ना र प्रवर्द्धन गर्न गाउँपालिकाले विशेष लगानी गर्नेछ।

११९. आन्तरिक र बाह्य पर्यटक भित्र्याउन व्यवहारिक पर्यटन निति निर्माण गरिनेछ।

१२०. कालिन्चोक मन्दिरलाई मुलुककै प्रमुख धार्मिक गन्तव्य बनाईनेछ। यहाँ पुग्ने सडकलाई कालोपत्रे सहितको सुविधा सम्पन्न बनाउन संघिय तथा प्रदेश सरकार संगको  पहलमा बजेट व्यवस्था गरिनेछ । गाउँपालिका भित्रका ऐतिहासिक तथा पुरातात्विक मठ, मन्दिर, धारा, हिटि, टुटेपानी, माने, गुम्बा, पाटी, पौवा लगायत महत्वपुर्ण स्थलहरुको खोज तथा अनुसन्धान गरी पर्यटकलाई आकर्षित गरिनेछ।

१२१. लापिलाङ,लामिडाँडा र बाबरेको माथिल्लो क्षेत्रमा प्रस्तावित संस्कृत ग्रामको निर्माण कार्यलाई तत्कालै अघि बढाईनेछ।

१२२. थामी समुदायको परम्परागत कला संस्कृतिको संरक्षण गर्दै निर्माणाधिन थामी संग्राहलयलाई व्यवस्थित गरी पर्यटन आकर्षणको केन्द्र बनाईनेछ।

१२३. ऐतिहासिक महत्वको चौघारालाई पर्यटकिय क्षेत्रका रुपमा विकास गरिनेछ।

१२४. पर्यटकिय महत्वका क्षेत्रलाई स्तरिय सडक संजालले जोडिनेछ। आवश्यकता अनुसार पैदलमार्ग निर्माण गरिनेछ

१२५. विभिन्न जातजातिको धर्म, सँस्कृति, कलाको संरक्षण, संम्बर्द्धन, विकास गर्नको लागि भेला महोत्सव कार्यक्रम सञ्चालनमा प्रोत्साहन गरिनेछ।

१२६. समाजमा रहेका विकृति, कुसंस्कृति र विसङ्गतिको अन्तय गरी सुसंस्कृति र सभ्य समाजको निर्माणमा जोड दिइनेछ ।

१२७. यस गाउँपालिका अन्तर्गत रहेका मन्दिर तथा पोखरी एवंम् तालको सुदृढीकरण एवम् सौन्दर्यीकरण गरी आन्तरिक तथा बाह्य पर्यटकको लागि पर्यटकीय केन्द्र स्थापना गर्दै लगिनेछ।

१२८. गाउँपालिकाभित्र विभिन्न पदमार्गहरुको निर्माणलाई निरन्तरता दिइनेछ।

१२९. कुरी बजारलाई व्यवस्थित गरी भूमि संरक्षण नीति अवलम्वन गरी करको दायरामा ल्याइ आयआर्जन बढाई सम्बन्धित क्षेत्रको पर्यटन प्रर्वद्धनमा लगानी गरिनेछ।

१३०. शंङ्कर पार्क मन्दिर र भुकम्प पार्कलाई कालिञ्चोक गाउँपालिकाको महत्वपूर्ण योजनामा विकास गरी राष्ट्रिय पर्यटकीय आकर्षण केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

१३१. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको निति अवलम्बन गरिने छ । कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार लगाएतका लैग्ङिक हिंसाबाट पिडित तथा प्रभावितहरुको लागि उदार राहत मनसामाजिक परामर्श सेवा र पुनस्थापना लगायतका सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिने छ ।

१३२. लोपउन्मुख तथा सिमान्तकृत समुदाय र उपाङगता भएका दलित एकल महिला सामाजिक र आर्थिक सशक्तीकरणका लागि सिप पुँजी र प्रविधि उपलब्ध गराइने छ ।

१३३. जीवनस्तर सुधारकालागि गाउँपालिकामा बसोबास गर्ने विपन्न दलित समदुायको जीवनस्तर सधुारका लागि विशेष कायाक्रम सञ्चालन गरिनेछ।

१३४. सामाजिक, जातीय विभेद, बालबालिका तथा युवालाई लक्षित गरी लागुऔषध दुर्व्यसन, कार्यस्थलमा हुने घरेलु हिंसा, यौनिक तथा लैग्ङिक हिंसा, कुरिति, बाल विवाह, मानव बेचविखन र विद्युतीय अपराध विरुद्ध सचेतना, दुर्व्यवहार, यौनजन्य घरेलु हिंसा लगायतका कुरितिहरु न्युनीकरण गर्न सचेतना अभियान संचालन गरिनेछ ।

१३५. छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक वनाउन समुदाय तहसम्म अन्तरघुलन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । जातीय भेदभाव, छुवाछुत सामाजिक अपराध जस्ता प्रवृत्तिहरुलाई दण्डनीय बनाइनेछ ।

१३६. यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१३७. एकल महिलाहरुको सीप विकास र आय आर्जन क्षमता विकास तथा आयआर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ।

१३८. लक्षित वर्ग महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१३९. महिलाहरुको लागि व्युटीपार्लर, होजियारी, दुना-टपरी निर्माण, डोको डालो निर्माण, ड्राइभिङ, मोवाइल, सिलाईकटाई तालिम, मन्टेश्वरी तालिम, टेलिभिजन, मेशिनरी औजार, अचार, क्याण्डी बनाउने जस्ता तालिमको व्यवस्था गरिनेछ ।

१४०. ज्येष्ठ नागरिकहरुको उच्च रक्तचाप, क्यान्सर, मधुमेह, आङ खस्ने जस्ता स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ। स्थानीय स्रोत साधनको प्रयोगको लागि सीप विकास सम्बन्धि विभिन्न तालिमको आयोजना गरिनेछ ।

१४१. गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१४२. परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१४३. पालिकाभित्र वैज्ञानिक वन व्यवस्थापनमा जोड दिदै वन पैदावारको व्यवस्थापन, संरक्षण, प्रवर्द्धन र विकासद्वारा वृहत रोजगारी सृजना गरिनेछ । स्थानीय स्तरको औषधिजन्य जडीबट्टीको उत्पादन, प्रशोधन, भण्डारण र निकासीमा विशेष जोड दिईनेछ । आवश्यकता अनुसार लोपोन्मुख जडिबुटीलाई संरक्षणको लागि प्रतिबन्ध गरिनेछ ।

१४४. समदुायमा आधारित वन व्यवस्थापन समूहको संस्थागत विकासमा जोड दिइनेछ । साथै वन उद्यमको विकास तथा प्रवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ साथै सामुदायिक वनको अनुगमन गरी प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१४५. स्थानीय जलवायु अनुकुलन कार्ययोजनाको आधारमा जलवायु परिवर्तनको जोखिम न्युनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ । समदुायको उत्थानशीलता विकासका साथै पूर्वाधार विकासलाई वातावरण मैत्री बनाइनेछ ।

१४६. विपद जोखिम न्युनीकरणको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। पालिका गोदाम घरमा विपद उद्धार एवमं राहत सामग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ ।

१४७. सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा विपद उत्थानशील समाज निर्माणमा जोड दिइनेछ। विपद् प्रभावितहरूको लागि निजी आवास पुननिर्माण तथा पनुस्थाापना कार्यलाई निरन्तरता दिइनेछ ।

१४८. यस गाउँपालिकामा रहेको आकस्मिक विपद व्यवस्थापन कोषको रकमलाई वृद्धि गरिनेछ ।

१४९. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण सम्वन्धी तालिम तथा औजारको व्यवस्था गरिनेछ ।

१५०. विपद जोखिम न्युनीकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१५१. गाउँपालिकाभित्रका सबै कार्यालयबाट सञ्चालन हुने सेवालाई चुस्त, दुरुस्त, द्रुत र सरलीकृत गर्दै लगिनेछ ।

१५२. गाउँपालिकाको शान्ति सुव्यवस्था कायम गर्न पालिका गाउँ प्रहरीको अवधारणालाई अगाडि ल्याइनेछ साथै एक प्रहरी विट स्थापना गरी परिचालन गरिनेछ ।

१५३. प्रविधिमैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन डिजिटल गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

१५४. सूचनामा पहुँच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसँग सम्बन्धित तालिम अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाको सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ ।

गाउँपालिकाको भौगोलिक सूचना प्रणाली अद्यावधिक गर्दै योजना तर्जुमाऽ राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याइनेछ।

१५५. सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न गुनासो अधिकारी तोकी गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ।

१५६. स्थानीय रेडियोहरु, अनलाईन, पत्रपत्रिकाहरुसंग सम्झौता गरी पालिकाका सम्पूर्ण गतिविधि जनतामा पुऱ्याउन रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।

१५७. गाउँपालिका कार्यालयमा आन्तरिक सञ्चार सुदृढ गर्न इन्टरकम टेलिफोन प्रणालीलाई जडान गरिनेछ। गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षितऽ पारदर्शी र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमश डिजिटल प्रविधि जडान गरिनेछ।

१५८. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरू गरिने नीति ल्याइनेछ।

१५९. सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित बनाउनको लागि वडामा दर्ता शिविर सञ्चालनलाई निरन्तरता दिँदै बैंकिङ्ग प्रणालीबाट भुक्तानी हुने व्यवस्था मिलाईनेछ।

१६०. गाउँपालिकाको कार्यालयबाट भए गरेका क्रियाकलापहरुको साप्ताहिक रुपमा कार्यालयको वेभसाइट तथा संचार माध्यमबाट सार्वजनिक गरिनेछ।

१६१. गाउँपालिकाको डिजिटल प्रोफाइलको निर्माण गरिनेछ।

१६२. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवंम् प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम खरिद प्रकृयालाई एकद्धार प्रणाली अपनाइ सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ।

१६३. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ।

१६४. गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शीता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधिहरु, निर्देशिकाहरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ। सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वढाउँदै लगिनेछ।

१६५. जनप्रतिनिधि तथा कर्मचारीहरूको आचारसंहिताको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ।

१६६. प्रचलित कानून बमोजिम वडा कार्यालयबाट सम्पादन गरिने सबै किसिमका सेवाहरुलाई विकेन्द्रीकरण सेवा सञ्चालन गर्ने र विकेन्द्रीकरण सेवा सञ्चालनको नीतिलाई प्रभावकारी र व्यवहारिक बनाइनेछ।

१६७. कालिञ्चोक गाउँपालिकालाई  भ्रष्टचारमा शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ।

१६८. कार्य दक्षता, नियमीतता, जवाफदेहिताका आधारमा निजामती पुरस्कार तथा दण्डको व्यवस्था गरी कर्मचारीहरुको प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

१६९. घर दैलोमा सेवा प्रवाह गर्न र असारे विकासलाई दुरुत्साहन गर्न विकास शिविरलाइ निरन्तरता दिइनेछ।

१७०. न्याय सम्पादन कार्यलाई अझ व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन एक इजलासको निर्माण गरिनेछ।

१७१. पालिकामा सूचिकृत भएका मेलमिलापकर्ताहरुको सक्रियताका आधारमा पुरस्कारको व्यवस्था गरिनेछ। निष्कृय मेलमिलापकर्तावाट हटाई नयाँ मेलमिलापकर्ताको छनौट तथा क्षमता विकास गरिनेछ।

१७२. न्याय निरुपणलाई व्यवस्थित गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७३. न्याय क्षेत्रका सूचनालाई व्यापक र सर्वसाधारणको पहुँचमा पुऱ्याउनका लागि वडाका विभिन्न स्थानमा होडिङ्ग वोर्ड राखिने व्यवस्था गरिनेछ।

१७४. स्थानीय समुदायका जनतालाई विभिन्न सूचना , मनोरञ्जन र उपयोगी सीप तथा ज्ञान प्रवाह गर्नका लागि जिल्लाबाट प्रसारित एफ.एम. रेडियोलाई महत्वपूर्ण माध्यमका रुपमा उपयोग गर्नेछ।

१७५. गाउँपालिका स्तरमा रेडियो, पत्रपत्रिका, अनलाइन न्युजपोर्टल जस्ता सञ्चार माध्यम सञ्चालन गर्न प्रेरित गरिनेछ। त्यसरी पालिका स्तरबाट सञ्चालित हुने सञ्चार माध्यमको टिकाउ र सञ्चालनका निम्ती गाउँपालिकाले लगानी सहित सहकार्य गर्नेछ।

१७६. दोलखा जिल्लाबाट प्रकाशित तथा प्रसारित रेडियो, अनलाईन न्युजपोर्टल, पत्र पत्रिका लगायत अन्य प्रकाशन तथा प्रसारण माध्यम सञ्चार माध्यमहरुको क्षमता विकासमा आबस्यक सहयोग गरिनेछ। जिल्लाका पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न हरेक वर्ष लेखनवृत्ती तालिम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१७७. गाउँपालिका भरिका विद्यालय, स्वास्थ्यचौकी, वडा कार्यालय, सामुदायिक भवन लगायतका नागरिकको पहुँच रहने गरी फ्री वाईफाईको व्यवस्था गरिनेछ।

१७८. नेपाल सरकार निजी क्षेत्र र गाउँपालिकाको साझेदारीमा अप्टिकल फाइवर तथा टेलिफोन टावरको विस्तार गरिनेछ ।

१७९. कालिञ्चोक गाउँपालिकालाई डिजिटल पालिकाको रूपमा विकास गर्न सबै क्षेत्रमा सूचना प्रविधिलाई विस्तार गरी सूचना प्रविधिमा आधारित व्यावहारिक योजना र रणनीति बनाउने नीति लिइनेछ ।

१८०. सञ्चारकर्मीहरूको हकहितको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१८१. सार्वजनिक खर्चलाई नतिजामुखी बनाउन क्षेत्रगत तथा भौगोलिक सन्तुलन समेत हुनेगरी विनियोजन कुशलता अभिबृद्धि गरिनेछ । प्रतिफल दरको आधारमा आयोजनाको प्राथमिकीकरण गर्दै सार्वजनिक खर्चमा गणुस्तर अभिबृद्धि गरिनेछ । बजेट अनुशासन कायम राख्दै खर्च व्यवस्थापनमा जिम्मेवार पदाधिकारीलाई नतिजा प्रति थप उत्तरदायी बनाइनेछ ।

१८२. निर्माणाधीन र अधुरा आयोजना तथा कार्यक्रमहरूलाई पूर्णता दिनेगरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने कार्यलाई निरूत्साहित गरिनेछ । आयोजना बैंक सूचना प्रणाली र मध्यमकालीन खर्च संरचना सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

१८३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीनि लिइनेछ । पालिकाबाट हुने सेवा प्रवाहलाई उच्चतम प्रविधिको प्रयोग मार्फत थप सर्वसुलभ, गुणस्तरीय र पारदर्शी बनाइनेछ ।

१८४. कालिञ्चोक गाउँपालिकाको लागि आवश्यक जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न अध्ययन अनुसन्धन कार्यलाई प्राथमिकता दिइनेछ ।

१८५. पालिका र वडामा निर्वाचित जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि, नेतृत्व विकास र विषयगत ज्ञानमा बढोत्तरी गर्दै स्वच्छ, सक्षम, निष्पक्ष, सेवामूलक र व्यवसायीक जनशक्ति निर्माणमा जोड दिइनेछ ।

१८६. पालिका र वडाका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन लगायतका भौतिक सम्पत्तिको एकीकृत विवरण तयार गरिनेछ ।

१८७. पालिका भित्रका बाँझो जमिनलाई पहिचान गरी सामुदायिक खेतीलाई प्रोत्साहन गरिने छ ।

१८८. पालिका बाट अनुदान लिई दुरुपयोग गर्नेलाई आगामी कार्यक्रम तथा योजनामा अनुदान प्रदान गरिने छैन ।

१८९. पालिका भित्रका हरेक वडामा ३०० सीट क्षमताको सभाहल निर्माण गरिनेछ ।

१९०. गाउँपालिका भित्रका लघु जलविद्युतको तथ्याङ्क सङ्कलन गरी त्यसको अवस्था अध्ययन गरी गाउँपालिकाबाट संचालन गरिनेछ ।

अन्त्यमा, यस कालिञ्चोक गाउँपालिका, गाउँ-कार्यपालिका कार्यालयले आ.व. ०७९/८० को लागि तय गरिएका नीति तथा कार्यक्रम अनुरुप सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन, सार्वजनिक पारदर्शिता कायम गर्न जिम्मेवार पदाधिकारी, राजनीतिक दल, गाउँवासी र राष्ट्रसेवक कर्मचारीलाई हार्दिक अनुरोध गर्दछु ।

कुल बहादुर बुढाथोकी
उपाध्यक्ष
कालिञ्चोक गाउँपालिका